# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ३२ | अंक ८ | नेपाल राष्ट्र बैंक समाचार | जेठ २०६५ | मे/जुन २००८


## जोखिम व्यवस्थापन र वासेल टु विषयक कार्यशाला




न्यूजिल्याण्डको वित्त व्यवस्थापन संस्था (FMO) र नेपाल राष्ट्र बैंकले संयुक्त रुपमा वैशाख ३१ देखि जेठ ३ गतेसम्म काठमाडौंमा 'Risk Management and Basel II' विषयक कार्यशाला आयोजना गऱ्यो ।

गोष्ठी उद्घाटनको अवसरमा प्रमुख अतिथिको आसनबाट कायममुकायम गभर्नर श्री कृष्णबहादुर मानन्धरले बैंक तथा वित्तीय संस्थाहरुलाई उपयुक्त ढङ्गले जोखिम व्यवस्थापन गर्न प्रोत्साहित गरिँदै आएको बताउनुभयो । साथै, उहाँले प्रभावकारी सुपरिवेक्षणको औजारको रुपमा रहेको 'वासेल टु' आगामी आर्थिक वर्षदेखि नेपाली बैंकहरुमा लागू गर्न लागिएको जानकारी दिनुभयो ।

समारोहमा डेपुटी गभर्नर श्री वीरविक्रम रायमाझी उपस्थित हुनुहुन्थ्यो ।

स्वागत मन्तव्य व्यक्त गर्दै बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक श्री रवीन्द्रप्रसाद पाण्डेले जोखिमको सम्वेदनशील संरचनाका कारण 'वासेल टु' को उदय भएको उल्लेख गर्नुभयो । (बाँकी ११ पृष्ठमा)

## गैरकानूनी सम्पत्ति शुद्धीकरण अपराध हो

कानून महाशाखाले वैशाख ३०, ३१ र जेठ १ गते नेपाल राष्ट्र बैंकको सभाकक्षमा 'Implementation of Anti Money Laundering (AML) and Combating Financing in Terrorism (CFT) Law in Nepal' विषयक तीनदिने कार्यक्रम सम्पन्न गऱ्यो । नेपालमा गैरकानूनी सम्पत्ति शुद्धीकरण (AML) तथा आतंकवादी कार्यमा भएको लगानी रोकथाम (CFT) को अवस्था, कानूनी व्यवस्था तथा सोको कार्यान्वयन स्थिति जानकारी दिने कार्यक्रमको उद्देश्य रहेको थियो ।



नेपाल सदस्य रहेको Asia Pacific Group (APG) on Money Laundering र मलेसियाको केन्द्रीय बैंकको वित्तीय जाँचबुझ इकाईका प्रतिनिधिहरुको संलग्नता रहेको उक्त कार्यक्रममा मुलत: गैरकानूनी सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा भएको लगानी रोकथामका अन्तर्राष्ट्रिय सिद्धान्त, मापदण्ड तथा कानून, नेपालको कानूनी तथा वस्तुगत अवस्था, नेपालले आगामी दिनमा चाल्नुपर्ने कदम, चुनौती, सरोकारवालाहरु बीचको समन्वय र अन्तर्राष्ट्रिय अनुभवका बारेमा छलफल भएको थियो ।

छलफलमा नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग तथा अन्य निकायका ५० जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै कानून महाशाखाका निर्देशक श्री धर्मराज सापकोटाले छलफलको विषयवस्तु नेपालका लागि नयाँ भए पनि यसमा निहित गाम्भिर्यता, जोखिम र नेपालको भूराजनैतिक अवस्थाका कारण सो सम्बन्धी नयाँ ऐन लागू गर्नु अत्यावश्यक रहेको बताउनुभयो । (बाँकी ११ पृष्ठमा)

## पूँजीकोष अनुपात कायम गर्नुपर्ने

बैंक तथा वित्तीय संस्थाहरुले आगामी कात्तिकदेखि जुनसुकै बखत तोकिएको न्यूनतम पूँजीकोष अनुपात कायम गर्नुपर्ने भएको छ । नेपाल राष्ट्र बैंकले वैशाख १८ गते एक निर्देशन जारी गरी यो व्यवस्था लागु गरेको हो ।

निर्देशन अनुसार बैंक तथा वित्तीय संस्थाहरुले प्रत्येक महिनाको वित्तीय विवरणको आधारमा तोकिएको ढाँचामा पूँजीकोष सम्बन्धी विवरण तयार गर्नु पर्दछ । यसरी तयार गरिएको विवरण संस्थाको आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराई नेपाल राष्ट्र बैंकको सम्बन्धित विभागहरुमा पठाउनु पर्दछ । यस्तो विवरण पठाउने समयावधि एक महिना तोकिएको छ ।

प्रस्तुत विवरण अनुसार तोकिएको अनुपातमा पूँजीकोष कायम भएको नदेखिएमा त्यस्ता संस्थाहरुलाई लाभांश वितरण गर्न रोक लगाउने र बोनस शेयर समेत वितरण गर्न नपाइने गरी कारवाही हुने निर्देशनमा उल्लेख छ ।●

## शाखा खोल्न स्वीकृति लिनु नपर्ने

बैंक तथा वित्तीय संस्थाहरुले नयाँ शाखा कार्यालय स्थापना तथा सञ्चालन गर्न नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिन नपर्ने भएको छ । नेपाल राष्ट्र बैंकले यसअघि जारी गरेको 'शाखा/कार्यालय स्थापना तथा सञ्चालन व्यवस्था' सम्बन्धी एकीकृत निर्देशन नं. १४ मा संशोधन गरी यस्तो व्यवस्था लागू गरेको हो ।

बैंकले तोकेका विवरणहरु उपलब्ध गराई बैंक तथा वित्तीय संस्थाले नयाँ शाखा कार्यालय स्थापना तथा सञ्चालन गर्न गराउन सक्ने संशोधित (बाँकी ११ पृष्ठमा)

# जाली नोट पहिचान गोष्ठी

मुद्रा व्यवस्थापन विभागले वैशाख २० गते काठमाडौंमा 'नेपाली जाली नोट र नोटमा अन्तरनिहित सुरक्षा स्वरुप' विषयक गोष्ठी आयोजना गर्‍यो । बैंक तथा वित्तीय संस्थाको नगदी कारोवारमा संलग्न कर्मचारीहरुलाई जाली नोट पहिचान गर्ने विधिका बारेमा प्रशिक्षण दिनु गोष्ठीको उद्देश्य रहेको थियो ।

गोष्ठीमा मुद्रा व्यवस्थापन विभागका कायममुकायम कार्यकारी निर्देशक श्री मनमोहनकुमार श्रेष्ठले 'Functional Plan



of NRB Currency Management System' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा उहाँले नेपाल राष्ट्र बैंकले नेपाली नोटको छपाई विधिदेखि सर्कुलेसन गर्दासम्ममा गर्ने विविध प्रक्रियाहरुको विश्लेषण गर्नुभएको छ ।

सोही विभागका निर्देशक श्री नरेश ढकालले 'नेपाली नोटका विशेषता, नोटमा रहने सुरक्षा स्वरुप र जाली नोट पहिचान' विषयमा अर्को कार्यपत्र प्रस्तुत गर्नुभयो । गोष्ठीमा सक्कली र नक्कली नोट पहिचान गर्ने सम्बन्धमा प्रचलित विधिहरु प्रयोगात्मक रुपमा सिकाइएको थियो ।

गोष्ठीमा सहभागीहरुले राखेका जिज्ञासाको जवाफ कार्यपत्र प्रस्तोताद्वय श्री श्रेष्ठ र श्री ढकालले दिनुभएको थियो । गोष्ठीको शुरुमा विभागका उप-निर्देशक श्री माधव पोखरेलले स्वागत मन्तव्य व्यक्त गर्दै गोष्ठी सञ्चालनको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

गोष्ठीको अन्तमा कायम मुकायम कार्यकारी निर्देशक श्री श्रेष्ठले गोष्ठीबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जाली नोट पहिचानमा सघाउ पुग्ने विचार व्यक्त गर्नुभयो ।

विभागले २०६४ चैत २२ र २३ गते धुलिखेलमा पनि यस्तै गोष्ठी सञ्चालन गरेको थियो ।●

# कारोवार र लगानी अनुगमन गोष्ठी

लघु वित्त विभाग, ग्रामीण स्वावलम्बन कोषले वैशाख २८ देखि ३० गतेसम्म पोखरामा "ग्रामीण स्वावलम्बन कोषको कारोवार र लगानी अनुगमन" विषयक गोष्ठी सञ्चालन गर्‍यो ।

गोष्ठीका प्रमुख आतिथि डेपुटी गभर्नर तथा कोष सञ्चालक समितिका अध्यक्ष श्री वीरविक्रम रायमाझीले कोषको लगानी कारोवार केन्द्रबाट हुने तर लगानी भएका सहकारी तथा गैरसरकारी संस्थाहरुको पूर्व लगानी संभाव्यता अध्ययन तथा निरीक्षण जिल्लास्थित नेपाल राष्ट्र बैंक कार्यालयबाट हुने गरेबाट कोषको असुली स्थिति राम्रो रहेको बताउनुभयो । साथै, कोषले लगानी गर्नुअघि लगानी सदुपयोगिता निरीक्षण गरेर सीमान्त तथा निर्धन परिवारको आर्थिक अवस्था सुधार हुने गरी लगानी अभिवृद्धि गर्नु पर्नेमा उहाँले जोड दिनुभयो ।



*डेपुटी गभर्नर श्री रायमाझीका साथ गोष्ठीका सहभागीहरु*

समारोहको सभापतित्व गरिरहनु भएका लघु वित्त विभागका कार्यकारी निर्देशक तथा कोषका सदस्य-सचिव श्री गोपालप्रसाद काफ्लेले लघु वित्त गरिबी न्यूनीकरण गर्ने एक शसक्त औजार सावित हुँदै गएको र आर्थिक सुधारका कार्यक्रम लघु वित्तसंग पनि गाँसिएकोले लघु वित्तमार्फत ग्रामीण गरिबी न्यूनीकरण गर्दै कोष अघि बढ्नु पर्ने विचार व्यक्त गर्नुभयो ।

सोही विभागका निर्देशक श्री रामेश्वरी पन्तले लघु वित्त कार्यक्रमको सफल कार्यान्वयनको लागि यसको पहुँचका साथै उपयोगिता पनि बढ्नु पर्ने धारणा व्यक्त गर्नुभयो ।

समारोहमा सोही विभागका उप-निर्देशक डा. वामदेव सिग्देलले धन्यवाद मन्तव्य दिनुभएको थियो ।

उद्घाटन समारोहपश्चात् सम्पन्न गोष्ठीमा कार्यकारी निर्देशक श्री काफ्लेले "नेपालमा लघु वित्तको स्थिति र ग्रामीण स्वावलम्बन कोषको गतिविधि" विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

निर्देशक श्री पन्तले "ग्रामीण स्वावलम्बन कोषको पहुँच, कर्जा लगानी र असुली नीति" सम्बन्धमा अर्को कार्यपत्र प्रस्तुत गर्नुभयो भने उप-निर्देशक डा. सिग्देलले "ग्रामीण स्वावलम्बन कोषको कर्जा प्रवाह तथा कियाकलाप वृद्धिका लागि अवलम्बन गर्नुपर्ने कुराहरु" विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो ।

यसैगरी सोही विभागका सहायक निर्देशक श्री हरिप्रसाद अधिकारीले "सहकारी एवं गैरसरकारी संस्थाहरुमा पूर्वलगानी अध्ययन र कर्जा सदुपयोगिता निरीक्षण" विषयमा र प्रधान सहायक श्री टिकाराम खतिवडाले "संस्थाहरुको लेखा व्यवस्थापन स्थिति र यसको सुधार" विषयमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

गोष्ठीका सहभागीहरुलाई पर्वत जिल्लाको कुस्मास्थित प्रगति महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेडको अवलोकन भ्रमण पनि गराइएको थियो ।

गोष्ठी समापनको अवसरमा वैशाख ३० गते एक समारोहको आयोजना गरियो । समारोहमा नेपाल राष्ट्र बैंक, पोखराका कायममुकायम मुख्य व्यवस्थापक श्री मानबहादुर नेपालीले गोष्ठीका सहभागीहरुलाई धन्यवाद दिंदै प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

सहभागीहरुको तर्फबाट नेपाल राष्ट्र बैंक, पोखराका व्यवस्थापक श्री केशव थापाले गोष्ठी सकारात्मक तथा फलदायी रहेको धारणा व्यक्त गर्नुभयो ।

नेपाल राष्ट्र बैंकको विभिन्न विभाग तथा कार्यालयका २१ जना अधिकृत तथा कर्मचारीहरुको सहभागितामा रहेको उक्त गोष्ठीको संयोजन लघु वित्त विभागका कायममुकायम सहायक निर्देशक श्री सुभाषचन्द्र अर्यालले गर्नुभएको थियो ।●

# आर्थिक वृद्धिदर ४ प्रतिशत हुने अनुमान

आर्थिक वर्ष २०६४।६५ मा नेपालको समग्र आर्थिक वृद्धिदर ४ प्रतिशतको हाराहारीमा रहने नेपाल राष्ट्र बैंकले जनाएको छ । चालु आर्थिक वर्षको पहिलो नौ महिनासम्ममा नेपालको कृषि, उद्योग, पर्यटन र अन्य सेवा क्षेत्रको विद्यमान स्थितिलाई दृष्टिगत गरी बैंकले यो अनुमान गरेको हो । अघिल्लो आर्थिक वर्ष २०६३।६४ मा नेपालको समग्र आर्थिक वृद्धिदर २.५ प्रतिशत मात्र रहेको थियो ।

नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालयले सार्वजनिक गरेको कृषि उत्पादनसम्बन्धी तथ्याङ्क अनुसार नेपालको प्रमुख खाद्यान्न बाली धानको उत्पादन आर्थिक वर्ष २०६४।६५ मा १६.८ प्रतिशतले वृद्धि भएको अनुमान छ । विगत तीन वर्षदेखि धानको उत्पादन लगातार घट्दै आएको थियो ।

यसैगरी गहुँ, मकै र कोदोजस्ता प्रमुख खाद्य बालीहरुको उत्पादन पनि क्रमश: ३.८ प्रतिशत, ३.२ प्रतिशत र २.२ प्रतिशतले बढेको अनुमान छ । चालू आर्थिक वर्षमा तरकारी बालीको उत्पादन वृद्धिदर अघिल्लो वर्षको ६.७ प्रतिशतको तुलनामा ९.६ प्रतिशत रहने र फलफूल तथा मसला बाली अघिल्लो वर्षको ५.४ प्रतिशतको तुलनामा ८.४ प्रतिशतले बढ्ने देखिएको छ ।

कुल कृषि उत्पादनमा करिब २१ प्रतिशत योगदान रहेको धानको उत्पादन उल्लेख्य रुपमा बढ्नु र करिब १० प्रतिशत योगदान रहेको तरकारी बाली समूह र ७.०४ प्रतिशत योगदान रहेको फलफूल तथा मसला बाली समूहको उत्पादन समेत सन्तोषजनक रहेकोले आर्थिक वर्ष २०६४।६५ मा कृषि क्षेत्रको उत्पादन वृद्धिदर करिब ६ प्रतिशत पुग्ने अनुमान छ । आर्थिक वर्ष २०६३।६४ मा कृषि क्षेत्रको उत्पादन वृद्धिदर ०.७ प्रतिशत मात्र रहेको थियो ।

केन्द्रीय तथ्याङ्क विभागले आर्थिक वर्ष २०६४।६५ को पहिलो छ महिनामा औद्योगिक उत्पादन सूचकाङ्क ०.२ प्रतिशतले घट्ने बताएको छ । अघिल्लो वर्षको यसै अवधिमा औद्योगिक उत्पादन सूचकाङ्क २.१ प्रतिशतले बढेको थियो । वनस्पति घ्यू, तयारी पोशाक, ऊनी गलैंचा, प्लाष्टिकका सामान आदिको उत्पादन वृद्धि ऋणात्मक रहेको कारण चालू आर्थिक वर्षको पहिलो छ महिनामा समग्र औद्योगिक उत्पादन सूचकाङ्क घट्ने देखिएको हो ।

आर्थिक वर्ष २०६४।६५ को पहिलो नौ महिनाको अवधिमा हवाई मार्गबाट नेपाल भ्रमण गर्ने पर्यटकको संख्या १६.७ प्रतिशतले वृद्धि भई २ लाख ८२ हजार ६ सय ४८ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या १० प्रतिशतले मात्र वृद्धि भएको थियो । हवाई मार्गबाट नेपाल भ्रमण गर्ने कुल पर्यटकहरुमध्ये तेश्रो मुलुकतर्फको पर्यटक आगमन संख्यामा २६.८ प्रतिशतले वृद्धि भएको छ भने भारतीय पर्यटकहरुको आगमन भने १०.५ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा तेश्रो मुलुकतर्फको पर्यटक आगमन १५.८ प्रतिशतले बढेको थियो भने भारतीय पर्यटक आगमन ३.१ प्रतिशतले घटेको थियो ।

देशमा शान्ति सुरक्षाको स्थितिमा आएको क्रमिक सुधारको फलस्वरुप थप विदेशी हवाई सेवा कम्पनीहरुले नेपालमा हवाई सेवा शुरु गरेका र पहिलेदेखि नै सञ्चालनमा रहेका कतिपय विमान कम्पनीहरुले आफ्नो उडान आवृत्ति समेत वृद्धि गरेका छन् । यसबाट आगामी दिनमा नेपाल आउने पर्यटकहरुको संख्यामा थप विस्तार हुने नेपाल राष्ट्र बैंकले जनाएको छ ।●

# खाद्यान्नको मूल्य बढेका कारण मुद्रास्फीतिमा चाप यथावत

खाद्यान्नको मूल्य धेरै बढेकाले उपभोक्ता मुद्रास्फीतिमा चाप बढ्दै गएको नेपाल राष्ट्र बैंकले जनाएको छ । बैंकका अनुसार आर्थिक वर्ष २०६४।६५ को पहिलो नौ महिनामा नेपालको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ८.९ प्रतिशत पुगेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो मुद्रास्फीति ५.६ प्रतिशत मात्र रहेको थियो ।

खाद्य तथा पेय पदार्थ समूहको मूल्य १२.६ प्रतिशतले वृद्धि भएकोले समग्र उपभोक्ता मुद्रास्फीतिदर अघिल्लो वर्षभन्दा बढेको जनाइएको छ । अघिल्लो वर्ष खाद्य तथा पेय पदार्थ समूहको मूल्य ७.९ प्रतिशतले मात्र बढेको थियो ।

खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये खानेतेल तथा घ्यू, अनाज तथा अनाजजन्य पदार्थ र दलहन उप-समूहको मूल्य दुई अंकले बढेको छ । समीक्षा अवधिमा खानेतेल तथा घ्यू उप-समूहको वार्षिक विन्दुगत मूल्यवृद्धि सबैभन्दा बढी ३३.८ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस उप-समूहको मूल्यवृद्धि १२ प्रतिशत मात्र रहेको थियो ।

अनाज तथा अनाजजन्य उप-समूहको मूल्य गत वर्ष ८.७ प्रतिशतले बढेको तुलनामा यस वर्ष १९.७ प्रतिशतले बढेको छ । यस उप-समूहमा पर्ने चामल तथा चामलजन्य वस्तुको मूल्य २५ प्रतिशतले बढेको छ । गत वर्ष चामल तथा चामलजन्य वस्तुको वार्षिक विन्दुगत मूल्यवृद्धि ४.९ प्रतिशत मात्र रहेको थियो । दलहन उप-समूहको मूल्य भने गत वर्षको १७.२ प्रतिशतभन्दा कम १४.९ प्रतिशतले मात्र बढेको छ ।

गैरखाद्य वस्तु तथा सेवा समूहको वार्षिक विन्दुगत मूल्यवृद्धि ४.९ प्रतिशत रहेको छ । गत वर्ष यस समूहको मूल्यवृद्धि ३.२ प्रतिशत रहेको थियो ।

क्षेत्रगत आधारमा काठमाडौं उपत्यकामा ८.६ प्रतिशतले, तराईमा ९.२ प्रतिशतले र पहाडमा ८.५ प्रतिशतले मूल्य बढेको छ । अघिल्लो वर्ष यसै अवधिमा ती क्षेत्रको मूल्य वृद्धिदर क्रमश: ५.४ प्रतिशत, ६.४ प्रतिशत र ३.५ प्रतिशत रहेको थियो ।

२०६४ चैतमा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीति (Core Inflation) ७ प्रतिशत रहेको छ । २०६३ चैतमा यस्तो मुद्रास्फीतिदर ६.६ प्रतिशत रहेको थियो ।

समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय थोक मूल्य सूचकाङ्क पनि बढेको छ । अघिल्लो वर्ष ७.६ प्रतिशत रहेको यो सूचकाङ्क यस वर्ष ९.३ प्रतिशत पुगेको छ । यस सूचकाङ्कमा समाविष्ट पाँच उप-समूहको मूल्यवृद्धि दुई अंकले भएको छ । यसमा खाद्य उप-समूह २०.२ प्रतिशत, रासायनिक मल तथा रसायन १७.६ प्रतिशत, दलहन १२.९ प्रतिशत, खाद्यजन्य पदाथ १३.६ प्रतिशत र निर्माण सामग्री १०.५ प्रतिशत रहेका छन् । २०६३ चैतमा यिनीहरुको मूल्यवृद्धि क्रमश: ७.६ प्रतिशत, ५.१ प्रतिशत, २२.६ प्रतिशत, १० प्रतिशत र १८.५ प्रतिशत रहेको थियो ।●

# विशेष कवि गोष्ठी सम्पन्न

जनसम्पर्क महाशाखाले जेठ १० गते थापाथलीस्थित क्लव भवनमा विशेष कवि गोष्ठीको आयोजना गऱ्यो । नेपाल राष्ट्र बैंकको ५३ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित उक्त गोष्ठीको उद्घाटन डेपुटी गभर्नर श्री वीरविक्रम रायमाझीले गर्नुभएको थियो ।



*डेपुटी गभर्नर श्री रायमाझी गोष्ठी उद्घाटन गर्नुहुँदै*

उक्त अवसरमा डेपुटी गभर्नर श्री रायमाझीले गोष्ठीमा वाचन गरिएका कविताले आफ्नो मन छोएको बताउँदै यसबाट आफू पनि निवृत जीवनमा साहित्य सिर्जनातिर लाग्ने प्रेरणा मिलेको धारणा राख्नुभयो ।

गोष्ठीका सभापति वरिष्ठ साहित्यकार श्री बैरागी काईलाले नेपाल राष्ट्र बैंक जस्तो विशुद्ध आर्थिक संस्थाबाट प्रत्येक वर्ष साहित्यिक कार्यक्रम सञ्चालन गरिनु सराहनीय कुरा भएको चर्चा गर्नुभयो ।





गोष्ठीमा नेपाल राष्ट्र बैंकभित्रका ६ र अन्य १३ गरी १९ जना कविहरुले आ–आफ्नो कविता वाचन गर्नुभएको थियो । कविता वाचन गर्ने बैंकभित्रका कविहरुमा सर्वश्री अच्युत वाग्ले, चिन्तामणि सिवाकोटी, वासुदेव अधिकारी, भीष्म उप्रेती, राजनविक्रम थापा र सरिता पौडेल हुनुहुन्छ ।

कविहरु अविनाश श्रेष्ठ, हरि अधिकारी, अमर गिरी, प्रल्हाद पोखरेल, विष्णुविभु घिमिरे, रामचन्द्र भट्टराई, पुरुषोत्तम सुवेदी, गोविन्दप्रसाद भण्डारी, विधान आचार्य, पूर्ण वैद्य, वैरागी काईंला, अच्यूतरमण अधिकारी र ममता शर्मा नेपालले पनि आ–आफ्नो कविता वाचन गर्नुभएको थियो ।

गोष्ठीमा गभर्नरको कार्यालयका कायममुकायम निर्देशक श्री उपेन्द्रकुमार पौडेलले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने जनसम्पर्क महाशाखाका कायममुकायम उप–निर्देशक श्री विमला उपाध्यायले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

बैंकका विभागीय प्रमुख तथा वरिष्ठ अधिकृतहरु लगायत साहित्यप्रेमीहरुको सहभागिता रहेको उक्त गोष्ठीको सञ्चालन जनसम्पर्क महाशाखाका प्रधान सहायक श्री भागवत आचार्यले गर्नुभएको थियो ।●





# विराटनगरमा ५३ औं वार्षिकोत्सव

नेपाल राष्ट्र बैंकको ५३ औं वार्षकोत्सव नेपाल राष्ट्र बैंक, विराटनगरले पनि विभिन्न कार्यक्रम आयोजना गरी मनाएको समाचार प्राप्त भएको छ । उक्त अवसरमा कार्यालयका कर्मचारीहरु र तिनका छोराछोरीहरु समेतको सहभागितामा छुट्टाछुट्टै खेलकुद तथा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको थियो ।

बालकालिकाहरुका लागि बाल वक्तृत्वकला तथा बाल चित्रकला प्रतियोगिता र कर्मचारीहरुका लागि टेबुल टेनिस, ब्याटमिन्टन, हण्डिफोर तथा म्युजिकल चेयर खेलहरु सञ्चालन गरिएका थिए ।

विभिन्न प्रतियोगितामा पुरस्कृत प्रतियोगीहरुलाई वैशाख १५ गते आयोजित कार्यक्रममा पुरस्कार वितरण गरिएको थियो ।

कर्मचारीहरुका लागि आयोजित हण्डिफोर प्रतियोगितामा पुरुषतर्फ सर्वश्री राजेन्द्र पण्डित प्रथम र महिलातर्फ सावित्री लामा प्रथम हुनुभएको थियो । म्यूजिकल चेयरमा रेणुका बन प्रथम र कमला खतिवडा द्वितीय भएका थिए । टेबुल टेनिस प्रतियोगितामा पुरुषतर्फ मोहनबहादुर मगर प्रथम र इन्द्रप्रसाद गेलाल द्वितीय तथा महिलातर्फ रजनी श्रेष्ठ प्रथम र रेणुका बन द्वितीय भएका थिए । ब्याडमिण्टन प्रतियोगितामा राजेन्द्र पण्डित प्रथम र नारायण घले द्वितीय हुनुभएको थियो ।

नर्सरीदेखि कक्षा ६ समूहको बालचित्रकला प्रतियोगितामा एकराज सुवेदीका सुपुत्र प्रवण सुवेदी प्रथम, चक्रबहादुर राईका सुपुत्र ध्रुवकुमार राई द्वितीय, दयाराम भट्टराईकी सुपुत्री सुकृती भट्टराई तृतीय र रजनी श्रेष्ठकी सुपुत्री रिया श्रेष्ठ सान्त्वना पुरस्कारबाट पुरस्कृत भएका थिए ।

कक्षा ७ देखि १० सम्मका बालवालिकाहरु सम्मिलित चित्रकला प्रतियोगितामा चक्रबहादुर राईका सुपुत्र सुवास राई, सुपुत्री मनिषा राई तथा एकराज सुवेदीकी सुपुत्री एलिना सुवेदी र भीमप्रसाद अधिकारीकी सुपुत्री सेमिला अधिकारीले क्रमश: प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कार पाएका थिए ।

कक्षा १ देखि ७ सम्मको बाल वक्तृत्वकला प्रतियोगितामा सुनिता श्रेष्ठकी सुपुत्री स्राष्टा श्रेष्ठ प्रथम, लोकेशकुमार न्यौपानेकी सुपुत्री रानी न्यौपाने द्वितीय, कल्पना भट्टराईका सुपुत्र अभिषेक पौडेल तृतीय र जयन्ती चापागाईकी सुपुत्री सदिक्षा चापागाई सान्त्वना पुरस्कारबाट पुरस्कृत भएका थिए ।

कक्षा ८ देखि १० सम्मको वक्तृत्वकला प्रतियोगितामा केदारप्रसाद आचार्यका सुपुत्र आभाष आचार्य, दयाराम भट्टराईका सुपुत्र संजोग भट्टराई, रेणुका बनका सुपुत्र रुजन बन र रेवन्त कोइरालाका सुपुत्र निशेष कोइरालाले क्रमश: पहिलो, दोस्रो, तेस्रो र सान्त्वना पुरस्कार प्राप्त गरेका थिए ।

प्रतियोगीहरु आर.एन. गौतम (सुपुत्र- गणेश गौतम), निरञ्जन पण्डित (सुपुत्र- राजेन्द्र पण्डित) र महशुस खड्का (सुपुत्र- राधाकृष्ण खड्का) ले सान्त्वना पुरस्कार पाएका थिए ।●

# मूल्यवृद्धिले गरिब बढी मारमा पर्ने

वस्तुको मूल्यवृद्धिले गरिब जनता बढीमा मारमा पर्ने अनुसन्धान विभाग, मूल्य महाशाखाले वैशाख १७ गते भक्तपुरमा आयोजना गरेको मूल्य तथ्याङ्क गोष्ठीमा चर्चा गरियो । गोष्ठी भक्तपुर उद्योग वाणिज्य संघका अध्यक्ष श्री विवेकमान कर्माचार्यको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।




गोष्ठीमा अनुसन्धान विभागका कायममुकायम कार्यकारी निर्देशक श्री त्रिलोचन पंगेनीले विश्वव्यापी रुपमा खेतीयोग्य जमीनमा आवासीय एवं व्यापारिक भवन निर्माण गरिएकाले खाद्यान्न उत्पादन घट्न गई मूल्य बढेको बताउनुभयो । मूल्यवृद्धिले जनताको क्रयशक्ति घट्ने धारणा राख्दै उहाँले उत्पादन घटेको र इन्धनका लागि प्रयोग गरिएका कारण खाद्यान्नको मूल्य बढ्दै गएको बताउनुभयो ।

मूल्य महाशाखाका उप–निर्देशक श्री गोपालप्रसाद भट्टले 'नेपालमा मूल्य तथ्याङ्क संकलन: सन्दर्भ, औचित्य एवं चुनौतीहरु' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । यसक्रममा उहाँले नेपाल राष्ट्र बैंक मूल्य निर्धारण गर्ने निकाय नभई बजारमा चलेको मूल्य संकलन गरी यसको प्रवृत्तिका बारेमा सम्बन्धित पक्षलाई जानकारी दिने निकाय भएको चर्चा गर्दै वस्तुको मूल्य कम गर्ने कार्यमा यसको प्रत्यक्ष भूमिका नरहने कुरा स्पष्ट पार्नुभयो । तर जनतासंग बढी मात्रामा रहेको पैसा खिचेर केन्द्रीय बैंकले मुद्रास्फीति केही कम गर्न सक्ने उहाँको धारणा थियो । 'जनतासंग अधिक पैसा भएर बजारमा सबै वस्तुको माग बढेको बेलामा मात्र यस्तो तरिका अपनाउन सकिन्छ' उहाँले भन्नुभयो । मूल्यवृद्धि नियन्त्रणका लागि सरकारी तवरबाट प्रभावकारी भूमिका खेल्नु पर्ने विचार व्यक्त गर्दै उहाँले व्यवसायीहरुले दिने मूल्य तथ्याङ्कको प्रवृत्तिले देशको राजनैतिक, सामाजिक र आर्थिक नीतिको दिशानै परिवर्तन गर्नु पर्ने अवस्था रहने भएकोले सत्य मूल्य तथ्याङ्क सदैव आवश्यक पर्ने कुरा बताउनुभयो ।

मूल्य संकलनसँगै मूल्य नियन्त्रण गर्नसके प्रभावकारी हुने विचार व्यक्त गर्दै उहाँले नेपाल राष्ट्र बैंक मूल्य नियन्त्रकको पाटोमा रहेकोले भविष्यमा मूल्य संकलन कार्य एक छुट्टै निकायमार्फत हुनसक्ने जानकारी दिनुभयो ।

कुल ५० जना स्थानीय उद्यमी, व्यापारी तथा पत्रकारहरुको उपस्थिति रहेको उक्त गोष्ठीमा सहभागीहरु सर्वश्री रमेश श्रेष्ठ, लक्ष्मी मानन्धर, प्रज्वल जोन्छे र नारायणसुन्दर किलम्बुले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो ।

मूल्य महाशाखाका सहायक निर्देशक श्री डिलाराम सुवेदीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त गोष्ठीको सञ्चालन सहायक निर्देशक श्री रामहरि दाहालले गर्नुभएको थियो ।●



# विराटनगरमा मूल्य तथ्याङ्क गोष्ठी

नेपाल राष्ट्र बैंक, विराटनगरले वैशाख २१ गते विराटनगरमा मूल्य तथ्याङ्क सम्बन्धी एक गोष्ठीको आयोजना गर्‍यो । गोष्ठीमा स्थानीय उद्योगपति, व्यवसायी, प्राध्यापक, व्यापारी, उपभोक्ता, पत्रकार एवं कार्यालयका अधिकारीहरु गरी ८२ जनाको उपस्थिति रहेको थियो ।

गोष्ठीमा स्वागत मन्तव्य व्यक्त गर्दै नेपाल राष्ट्र बैंक, विराटनगरका व्यवस्थापक श्री तेजबहादुर रानाले नेपाल राष्ट्र बैंक र मूल्यदाताहरुको सम्बन्ध अद्यावधिक गर्न अन्तरक्रिया आयोजना गरिएको बताउनुभयो । साथै, उहाँले मूल्य संकलन एवं प्रशोधन कार्य अर्थतन्त्रको सम्बेदनशील कार्य भएकोले सबैले इमान्दारीपूर्वक सही र यथार्थ मूल्य तथ्याङ्क उपलब्ध गराउन आग्रह गर्नुभयो ।

नेपाल राष्ट्र बैंक, विराटनगरका सहायक व्यवस्थापक श्री सुनिता श्रेष्ठले 'मूल्य तथ्याङ्क: परिचय, संकलन विधि एवं नीति निर्माणमा यसको भूमिका' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । गोष्ठीमा प्रस्तुत कार्यपत्रमाथि अन्तरक्रिया सञ्चालन गरिएको थियो ।

कार्यक्रममा स्नातकोत्तर क्याम्पस, विराटनगरका प्राध्यापक डा. रमेश दाहालले नेपाल राष्ट्र बैंकले मूल्य संकलनका सन्दर्भमा कृषिजन्य वस्तुका लागि दिइआएको भारलाई पुनर्विचार गर्नुपर्ने, शहरमुखी हुँदै गएका ग्रामीण बजार केन्द्रहरुलाई पनि मूल्य संकलन केन्द्रका रुपमा लिइनुपर्ने र मूल्य संकलन कार्यलाई इन्टरनेटको माध्यमद्वारा छिटो र छरितो पार्नुपर्ने सुझाव दिनुभयो ।

गोष्ठीका प्रमुख अतिथि मोरङ्ग व्यापार संघका सल्लाहकार श्री शंकरलाल अग्रवालले नेपाल राष्ट्र बैंकले मूल्य संकलनको विद्यमान खर्चिलो ढाँचालाई परिमार्जन गर्दै आधुनिक प्रविधि उपयोग गर्न जोड दिनुभयो । नेपालमा वस्तुको माग र पूर्तिको आधारमा मात्र नभई भारतीय बजारको प्रभावले पनि मूल्यवृद्धि हुने गरेको चर्चा गर्दै उहाँले यसकारण पनि मूल्य तथ्याङ्क संकलन एवं प्रशोधन कार्य चुनौतीपूर्ण हुने गरेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक श्री शंकरप्रसाद आचार्यले नेपालको वर्तमान मूल्य प्रवृतिको बारेमा चर्चा गर्नुभएको थियो ।

अन्तरक्रियामा उठाइएका जिज्ञासाको जवाफ नेपाल राष्ट्र बैंक, विराटनगरका मुख्य व्यवस्थापक श्री जगदिश्वरप्रसाद अधिकारीले दिनुभएको थियो । उक्त अवसरमा उहाँले हाल बैंकले २१ वटा बजार केन्द्रबाट मूल्य संकलन गर्ने गरेकोमा आगामी दिनमा शहरोन्मुख हुँदै गएका थप ग्रामीण केन्द्रबाट पनि मूल्य संकलन गर्ने सोचाइ रहेको बताउनुभयो । आर्थिक वर्ष ०६४/६५ लाई नयाँ आधार वर्ष मानी नयाँ मूल्य सूचकाङ्क निर्धारण गर्ने व्यवस्था ल्याउन लागिएको बताउँदै उहाँले मूल्य सङ्कलनसंगै मूल्यवृद्धिको कारकतत्व बारे पनि बैंकले गहिरो विश्लेषण गर्ने गरेको बताउनुभयो ।

कार्यक्रमको अन्तमा सभापतिको आसनबाट नेपाल राष्ट्र बैंक, विराटनगरका व्यवस्थापक श्री राजेन्द्र पण्डितले उपभोक्ताको आयस्तरमा भएको वृद्धिलाई मुद्रास्फीतिसंग गाँसेर हेरेपछि मात्र वास्तविक मूल्य स्थिति थाहा हुने विचार व्यक्त गर्दै सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।●

# बैंक तथा वित्तीय संस्थाको वृद्धि र दिगोपनाको प्रश्न



■ वसन्तबहादुर शाक्य

वित्तीय क्षेत्र सुधार परियोजना लागू भए पश्चात् नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको मुनाफा स्थितिमा क्रमश: सुधार भएको छ । आर्थिक वर्ष २०६३/६४ मा यी दुवै बैंकले रु २ अर्ब २० करोड खुद मुनाफा गरेको थियो । पछिल्लो अपरिष्कृत तथ्याङ्कअनुसार नेपाल बैंक लिमिटेडले चालु आर्थिक वर्षको तेस्रो त्रयमाससम्ममा रु ३३ करोड ८५ लाख खुद मुनाफा कमाएको छ । यसैगरी राष्ट्रिय वाणिज्य बैंकको मुनाफा सो अवधिमा रु ७६ करोड ४१ लाख भन्दा बढी रहेको छ ।

संस्थागत हिसाबले निजी क्षेत्रका केही वाणिज्य बैंकहरु मुनाफामा सञ्चालन हुन नसकेको मात्र होइन पूँजीकोष नै ऋणात्मक भई नेपाल राष्ट्र बैंकले हस्तक्षेप गरी व्यवस्थापन नियन्त्रणमा लिनु परेको अवस्था छ । विकास बैंकहरुको मुनाफा स्थिति सन् २००२ देखि नै ऋणात्मक रही आएको छ । वित्त कम्पनीहरु मुनाफामा सञ्चालन भइरहेको देखिए तापनि केही वित्त कम्पनीको वित्तीय स्थिति नाजुक रहेको छ ।

नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको खराब कर्जा घटेको कारण बैंकिङ्ग क्षेत्रमा खराब कर्जाको अनुपात आर्थिक वर्ष २०६३/६४ मा ८.६५ प्रतिशतमा सीमित भएको छ । खराब कर्जा अपलेखन गरेका कारण ती दुई बैंकको खराब कर्जाको परिमाणमा ह्रास आएको हुँदा कर्जा असुली अझै चुनौतीपूर्ण देखिन्छ ।

कृषि विकास बैंक वाणिज्य बैंकमा परिणत भएपछि कृषि क्षेत्रमा प्रवाहित समग्र कर्जाको वृद्धि उच्च देखिएको छ । उत्पादनमूलक कर्जाको वृद्धिदरमा ह्रास आएको छ भने काठमाडौं उपत्यकामा आवास कर्जा प्रवाहमा वृद्धि भएको छ । व्याजदरमा आएको ह्रासका कारण उपभोग कर्जामा वृद्धि भएको हो ।

विगतमा देशको शान्ति सुरक्षा स्थिति कमजोर हुँदा काठमाडौं उपत्यकामा बसाईं सर्ने प्रवृत्ति बढेकोले यहाँ आवासीय भवनका साथै व्यापारिक भवनहरु (Housing/business complex) को निर्माण कार्य पनि बढेको छ । वित्तीय संस्थाहरुले यस क्षेत्रमा नियमन व्यवस्थाको परिधि नाघेर लगानी गर्न शुरु गरेका छन् । सुरक्षा स्थितिको सुधारसँगै विस्थापितहरु आ-आफ्नो क्षेत्रमा फर्कने प्रवृत्ति देखियो भने यस्तो लगानीको अवस्था के हुने हो, यसतर्फ समयमै ध्यान पुऱ्याउनु आवश्यक छ ।

बैंक तथा वित्तीय संस्था स्थापना गर्ने लहरले एकै व्यक्ति, उद्योगी तथा व्यापारी धेरै बैंक तथा वित्तीय संस्था लगायत वीमा कम्पनीको संस्थापक रहने प्रवृत्ति देखिएको छ । अप्रत्यक्ष रुपमा संस्थामाथि पारिवारिक वा समूहगत प्रभाव कायम गर्ने प्रवृत्ति बढ्दै गएको छ । फेरि मुख्यतया पारिवारिक प्रवृत्ति हावी भएका संस्थाहरु नै समस्याग्रस्त भएको देखिएका छन् ।

नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुनर्संरचनाका लागि भएको रु. पाँच अर्ब भन्दा बढी खर्चले वित्तीय संकटको लागत महंगो हुन्छ भन्ने कुरा प्रष्ट पारेको छ । यत्तिका रकम खर्च गरिसक्दा पनि यी बैंकहरुले अपेक्षित परिणाम हासिल गर्न सकेका छैनन् ।

केही वित्तीय संस्थाले सर्वसाधारणको निक्षेप रकम समयमा भुक्तानी नगरेका उजुरीहरु पर्ने गरेका छन् । तिनीहरुले नियमनमा सुधारात्मक उपाय अपनाउन नसकेका र नेपाल राष्ट्र बैंकको निर्देशन पालना नगरेका उदाहरण पनि देखिएका छन् । सर्वसाधारणको निक्षेप भुक्तानी गर्ने विषयलाई गम्भीरतापूर्वक नलिने संस्थालाई नेपाल राष्ट्र बैंकले समयमै प्रभावकारी कारवाही गर्न नसक्दा पनि नियमन व्यवस्था मिच्ने प्रवृत्ति देखिएको छ ।

विप्रेषण आप्रवाह बढेका कारण अधिक तरलता रहेको नेपालमा वास्तविक व्याजदर ऋणात्मक रहेको छ । गत माघमा तरलता समस्या देखिएपछि केही वाणिज्य बैंकहरुले निक्षेपको व्याजदरमा सीमान्त वृद्धि गरेका छन् । तरलता समस्या केही समय कायम रहेको भए कैयौं बैंक तथा वित्तीय संस्थाको हालत नाजुक हुन सक्थ्यो । तरलता समस्यालाई दृष्टिगत गरी नेपाल राष्ट्र बैंकले स्थायी तरलता सुविधा सीमालाई वृद्धि गऱ्यो । तसर्थ, तरलता जोखिम (Liquidity risk) लाई वित्तीय संस्था लगायत सुपरिवेक्षण अधिकारीले गम्भीर रुपमा लिने प्रवृत्तिको विकास गर्नु अपरिहार्य भएको छ ।

प्रति पैंतालीस हजार जनसंख्यालाई एउटा बैंक शाखाले वित्तीय सेवा पुऱ्याउनु पर्ने हिसाबले नेपालमा बैंक तथा वित्तीय संस्थाको संख्या बढी भयो भन्न सकिने अवस्था छैन् । तर, वास्तविक क्षेत्रको विकास बिना भएको बैंक तथा वित्तीय संस्थाको संख्यात्मक वृद्धिलाई नेपाली अर्थतन्त्रले धान्न सक्छ कि सक्दैन भन्नेतर्फ पनि विचार गर्नु उत्तिकै आवश्यक छ । नेपालको सन्दर्भमा यहाँ कृषि क्षेत्रमा लगानीको सम्भावना अझै बढी छ । जलस्रोत तथा पर्यटन उद्योग यस्ता क्षेत्र हुन जहाँ लगानी गर्नको लागि पूँजीगत आधार (Capital base) बलियो भएका संस्थाको आवश्यकता रहेको छ । सिमेण्ट उद्योग पनि नेपालमा प्रचूर सम्भावना रहेको व्यवसाय भएको छ । यी सम्भावनातर्फ हेर्दा बैंक तथा वित्तीय संस्थाको संख्यात्मक वृद्धिको सम्भावनालाई नकार्न सकिँदैन ।

कृषि क्षेत्रमा लगानी गर्न बैंकहरु उत्सुक रहेको देखिँदैन । पर्यटन क्षेत्रमा भएको अधिकांश लगानी उठ्न नसक्ने अवस्थामा रहेका छन् । उद्योग क्षेत्रतर्फ लगानी आकर्षित हुन सकेको छैन । बैंकहरुको उपस्थिति शहर केन्द्रीत छ । विपन्न वर्गको लगानी फाइदाजनक हुने प्रमाणित भैसक्दा पनि वित्तीय संस्थाहरु यसतर्फ आकर्षित हुन सकिरहेका छैनन् ।

हालसम्म नेपालले वित्तीय संकटको अवस्था भोग्नु परेको छैन । मुलुकको आवश्यकतालाई ध्यानमा राखी समयमै उचित नीतिगत व्यवस्था कायम गर्न सकिएन भने यस्तो अवस्था नआउला भन्न सकिन्न । संकटग्रस्त बैंक तथा वित्तीय संस्थाहरुका लागि कस्तो अवतरण नीति (Exit policy) अपनाउने भन्ने तर्फ सोच्नु पनि आजको आवश्यकता हो ।

सम्पूर्ण विश्व नै वित्तीय बजारको समस्या समाधानमा केन्द्रीत रहेको बेलामा नेपालमा बैंक तथा वित्तीय संस्था स्थापना गर्ने होडवाजी नै चलेको देखिएको छ । अर्थतन्त्रको वास्तविक क्षेत्रको विकास बिना वृद्धि भएका बैंक तथा वित्तीय संस्थाहरु दीर्घकालसम्म दिगो रहन सक्ला ? यो नेपाली वित्तीय क्षेत्रको अहिलेको जल्दोबल्दो चुनौती बनेको छ । सन् २०१० देखि नेपाली वित्तीय बजार विदेशी वित्तीय संस्थाहरुका लागि पनि खुला हुनेछ । ती संस्थाहरुलाई उपभोक्ता कारोवार (Retail banking) मा प्रवेश नदिइने भए तापनि कुनै न कुनै रुपमा नेपाली वित्तीय संस्थाहरु यिनीहरुसँग प्रतिस्पर्धी बन्नै पर्ने हुन्छ । प्रतिस्पर्धा गर्न नसकिएको अवस्थामा नेपालको वित्तीय प्रणालीमा कस्तो प्रवृत्ति देखिएला ? वित्तीय बजारमा हुने जोखिमलाई न्यूनीकरण गर्न नेपालको वित्तीय प्रणाली सक्षम होला ? यी यस्ता प्रश्नहरु हुन जुन वित्तीय क्षेत्रमा चासो राख्नेहरुले उठाउने गरिरहेका छन् । यसतर्फ केन्द्रीय बैंकले समयमै ध्यान पुऱ्याउनु आवश्यक छ ।●

# नेपालमा विदेशी बैंक शाखा भित्र्याउने तयारी



■ हरिकुमार नेपाल

विदेशी लगानी राज्यको सम्मृद्धि तथा विकास मापन गर्ने व्यावहारिक आधार भएर देखा परेको छ । कुनै देश, संस्था र नागरिकले अर्को देशमा गरेको लगानी सो लगानी प्राप्त गर्ने देशप्रतिको विश्वास, मान्यता र पारस्परिक सहयोगको अभिव्यक्ति हो । विदेशी लगानी वैदेशिक हस्तक्षेप र शोषण होइन । राष्ट्र हित र पारस्परिक लाभमा आधारित विदेशी लगानी आजको आवश्यकता हो ।

राज्यको आर्थिक विकासमा बैंकिङ क्षेत्रको प्रमुख भूमिका रहने गर्दछ । बैंकिङ क्षेत्रमा भित्रिने विदेशी लगानीले अन्य क्षेत्रमा हुने लगानी र विश्वासलाई प्रवर्द्धन गर्ने भएकोले यस क्षेत्रको विकास र विस्तारका लागि बढी ध्यान दिनु आवश्यक छ । सोही अनुरुप नेपालमा संयुक्त लगानीको माध्यमबाट बैंकिङ क्षेत्रमा विदेशी पूँजी र प्रविधि भित्र्याउने नीतिगत व्यवस्था शुरु भएको दुई दशकबढी भइसकेको छ । स्वदेशी विज्ञहरुलाई बैंकिङ सेवा सञ्चालन गर्न सक्षम बनाउने नीति पनि लिइएको छ । यो क्षेत्र नेपालीहरुको आकर्षणको केन्द्रविन्दु बन्न पुगे पनि पर्याप्त विदेशी लगानी तथा पूँजी आकर्षित हुन सकेको छैन् ।

प्राप्त तथ्याङ्क अनुसार नेपाली बैंक तथा वित्तीय संस्थामा भएको कुल लगानीको करिव ६ प्रतिशत मात्र विदेशी पूँजी लगानी रहेको छ । नेपाली बैंक तथा वित्तीय संस्थाहरुमा लगानी भएको कुल शेयर पूँजी रु. ३२ अर्ब रहेको छ । यसमा विदेशी लगानी करिव पौने दुई अर्ब रुपैयाँ मात्र छ । यसबाट नेपालको बैंकिङ क्षेत्रमा विदेशी लगानी आगमन त्यति सन्तोषजनक मान्न सक्ने अवस्था छैन । बरु विदेशी लगानी उपस्थितिको गुणात्मक सबलता भन्दा सङ्ख्यात्मक अस्तित्व मात्र बढिरहेको देखिन्छ ।

नेपालले विदेशी लगानी प्राप्त गर्न लचिलो कानूनी व्यवस्था र पर्याप्त आर्थिक आकर्षण प्रदान गरेको छ । सन् २०१० देखि विदेशी बैंकलाई थोक बैंकिङ कारोवार गर्ने गरी सिधै शाखा खोल्न दिने प्रतिबद्धता पनि विश्व व्यापार संगठनमा जाहेर गरिसकेको छ । संगठनको सदस्यता लिने क्रममा नेपालले बैंकिङ क्षेत्रमा गरेको प्रतिबद्धता तथा हालसम्मको कानूनी व्यवस्था अनुरुप विदेशी बैंक तथा वित्तीय संस्थाले नेपालमा व्यावसायिक उपस्थिति देखाउन सहायक कम्पनी, संयुक्त लगानी, शाखा वा प्रतिनिधि कार्यालय लगायतको संस्थागत स्वरुप अपनाउनु पर्ने हुन्छ । विश्व व्यापार संगठनमा प्रवेशका बेला बैंकिङ तथा वित्तीय सेवा क्षेत्रमा गरिएको नेपाली प्रतिबद्धताले स्वदेशी बैंकिङ क्षेत्रमा आउन चाहने विदेशी बैंक तथा वित्तीय संस्थाले देहायका शर्तहरु पालना गर्नु पर्ने हुन्छ ।

१. विश्वप्रसिद्ध Standard and Poor, MOODI जस्ता Credit Rating Agency को Rating अनुसार कम्तिमा “ख” वर्गमा परेको संस्था हुनु पर्ने,

२. केन्द्रीय बैंकको नीति, नियमन र सुपरिवेक्षणको दायराभित्र रहनु पर्ने र नेपालमा पनि दर्ता हुनु पर्ने,

३. विदेशी लगानी नेपाल राष्ट्र बैंकको स्वीकृति बेगर ट्रान्सफर नहुने,

४. शाखा कार्यालय खोल्न सन् २०१० जनवरीदेखि अनुमति दिने र अनुमतिप्राप्त कार्यालयले थोक बैंकिङ कारोवार मात्र गर्न पाउने,

५. प्रतिनिधि कार्यालय मात्र खोलेर व्यावसायिक कार्य गर्न नपाइने,

६. इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाले मात्र निक्षेप स्वीकार गर्न सक्ने तर मागेको बखत पाउने निक्षेप वाणिज्य बैंकले मात्र संकलन गर्न सक्ने,

७. विदेशी शेयर पूँजी लगानी संस्थाको कुल चुक्ता पूँजीको ६७ प्रतिशतभन्दा बढी हुन नहुने, आदि ।

हालसम्मको कानूनी व्यवस्था र तयारी हेर्दा नेपालले विदेशी बैंक वा वित्तीय संस्थालाई शाखा सञ्चालन अनुमति दिन सकिने गोश्वारा कानूनी व्यवस्था र सामान्य अध्ययन बाहेकका कार्यहरु गर्न सकिरहेको छैन । यति तयारीबाट नेपालले सोचे जस्तो विदेशी बैंक तथा वित्तीय संस्थाको उपस्थिति हुन कठिन हुनेछ ।

नेपालको तत्कालको आवश्यकता भनेको देशमा स्थापना हुने विदेशी बैंक तथा वित्तीय संस्थाको शाखा स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन, नियमन, सुपरिवेक्षण र विघटन सम्बन्धमा ठोस गृहकार्य अगाडि बढाउनु हो । यससम्बन्धी विस्तृत कानूनी, नीतिगत र पूर्वाधारजन्य कुराहरुको स्वरुप निर्धारण गर्ने कार्य शुरु गर्न ढिलाई गर्न हुँदैन । नेपालमा लगानी गर्नुको आकर्षण, सोको संभाव्यता अध्ययन र संस्था सञ्चालनमा नेपालले गर्ने सहयोगको ठोस खाका पनि तयार गर्दै जानु पर्दछ ।

**■■■**

**नेपालको तत्कालको आवश्यकता भनेको देशमा स्थापना हुने विदेशी बैंक तथा वित्तीय संस्थाको शाखा स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन, नियमन, सुपरिवेक्षण र विघटन सम्बन्धमा ठोस गृहकार्य अगाडि बढाउनु हो ।**

**■■■**

विदेशी लगानीको उपस्थिति मात्र उपलव्धिको सूचक होइन । विदेशी वित्तीय संस्थाहरुले दिने सेवा पनि विश्वसनीय र स्तरीय हुनुपर्छ । स्तरीय विदेशी लगानी बढी प्राप्त गर्ने देशमा विश्वका प्रमुख विकसित देशहरु नै पर्दछन् । तिनीहरुमा अमेरिका, चीन, भारत, मलेसिया प्रमुख छन् । तर लगानी सुविधा र लचकता हेर्दा नेपालभन्दा ती देशहरुको व्यवस्था निकै कठोर रहेको देखिन्छ । यसबाट के देखिन्छ भने लगानीकर्ताहरुले उदार अर्थव्यवस्था र सेवा सुविधाभन्दा राजनैतिक स्थिरता र लगानी सुरक्षालाई लगानीको मुख्य आधार बनाएका छन् ।

यस्तो अवस्थामा नेपालले बैंकिङ क्षेत्रमा आन्तरिक नियमन र सुपरिवेक्षण क्षमता बढाउने, बैंक तथा वित्तीय संस्थाको पूँजीगत र संस्थागत प्रतिस्पर्धात्मक सक्षमता अभिवृद्धिका लागि सङ्ख्यात्मक र गुणात्मक सबलताको समायोजन हुनेगरी गाभ्ने र गाभिने कार्य तत्काल अगाडि बढाउनु पर्छ । राष्ट्रियस्तरमा राजनैतिक एवम् कार्यमूलक स्थिरता र व्यवहारजन्य निश्चितता जस्ता कुराहरुमा विश्वास गर्न सकिने अवस्था सिर्जना गर्न सके मात्र नेपालले अपेक्षित उपलब्धि हासिल गर्न सक्छ । आर्थिक क्षेत्रमा यस्तो वातावरण ल्याउन केन्द्रीय बैंकले आवश्यक पहल गर्नु पर्छ, अनि मात्र नेपालको आर्थिक विकासमा ऐतिहासिक कायापलट गर्न सकिन्छ ।

## कामु गभर्नर श्री मानन्धर नयाँ दिल्लीमा



कायममुकायम गभर्नर श्री कृष्णबहादुर मानन्धर स्ट्याण्डर्ड चार्टर्ड बैंक र ACCION ले संयुक्त रुपमा भारतको राजधानी नयाँ दिल्लीमा आयोजना गरेको "Microfinance Cracking the Capital Markets in South Asia" विषयक सेमिनारमा भाग लिनु भई वैशाख १८ गते काठमाडौं फर्कनुभयो ।

बैठकमा भाग लिन उहाँ वैशाख १७ गते त्यसतर्फ प्रस्थान गर्नुभएको थियो ।

## कामु कार्यकारी निर्देशक श्री पंगेनी कार्यशालामा



अनुसन्धान विभागका कायममुकायम कार्यकारी निर्देशक श्री त्रिलोचन पंगेनी अन्तर्राष्ट्रिय मुद्रा कोषले थाइल्याण्डको राजधानी बैंककमा सञ्चालन गरेको "General Data Dissemination System" विषयक कार्यशालामा भाग लिन वैशाख ११ गते त्यसतर्फ प्रस्थान गर्नु भई वैशाख १४ गते काठमाडौं फर्कनुभयो ।

## अधिकृत स्तरीय केन्द्रीय बैंकिङ तालिम सम्पन्न

बैंकर्स प्रशिक्षण केन्द्रले वैशाख २२ देखि २७ गतेसम्म थापाथलीस्थित केन्द्रको सभाकक्षमा अधिकृत स्तरीय केन्द्रीय बैंकिङ तालिम सञ्चालन गऱ्यो । तालिममा बैंकका विभिन्न विभाग तथा कार्यालयका २० जना अधिकृतहरुको सहभागिता रहेको थियो ।

तालिममा बैंकका कार्यकारी निर्देशक लगायतका अधिकृतहरुले दैनिक तीन सेसनका दरले सहभागीहरुलाई प्रशिक्षण दिनुभएको थियो । नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले तोकेका केन्द्रीय बैंकका सम्पूर्ण काम कर्तव्यहरु समेट्ने गरी तालिमका विषयवस्तुलाई १० भागमा विभाजन गरी प्रशिक्षण दिइएको थियो ।

वैशाख २७ गते आयोजित तालिमको समापन समारोहमा बैंकर्स प्रशिक्षण केन्द्रका कायममुकायम कार्यकारी निर्देशक श्री प्रदिपराज पाण्डेले सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्नुभयो । सो अवसरमा उहाँले तालिममा सिकेका ज्ञान तथा सिप व्यावहारिक कार्यमा लागु गर्न सुझाव दिनुभयो ।



*कामु कार्यकारी निर्देशक श्री पाण्डेका साथ तालिमका सहभागीहरु*

समारोहमा तालिमका संयोजक तथा बैंकर्स प्रशिक्षण केन्द्रका उप-निर्देशक श्री प्रेमप्रसाद न्यौपानेले तालिमको मूल्याङ्कन प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

सहभागीहरुको तर्फबाट जनसम्पर्क महाशाखाका सहायक निर्देशक श्री विन्दुप्रसाद अर्यालले तालिमको अवधि कम भएका कारण विषयवस्तुको स्पष्ट र गहिरो ज्ञान हासिल गर्न नसकिएको विचार व्यक्त गर्नुभयो । तालिमको अवधि घटीमा १५ दिन भएमा यसको प्रभावकारिता अझ बढ्ने उहाँको धारणा थियो ।

# तालिम तथा सेमिनारमा सहभागिता

आन्तरिक लेखापरीक्षण विभागका निर्देशक श्री हरिप्रसाद काफ्ले डच बुन्डेस बैंकले जर्मनीको फ्र्याङ्कफर्टमा आयोजना गरेको Internal Audit विषयक सेमिनारमा भाग लिन वैशाख ६ गते त्यसतर्फ जानु भई वैशाख १५ गते काठमाडौं फर्कनुभयो ।

वित्त व्यवस्थापन विभागका निर्देशक श्री जनकबहादुर अधिकारी अन्तर्राष्ट्रिय मुद्रा कोषको आयोजनामा सिंगापुरमा सञ्चालन भएको "Financial Market Analysis" विषयक सेमिनारमा भाग लिन वैशाख २१ गते त्यसतर्फ जानु भई जेठ ५ गते काठमाडौं फर्कनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक श्री नारायण धमला बैंक अफ कोरियाले दक्षिण कोरियामा आयोजना गरेको "7th Central Banking Study Program" विषयक अध्ययन भ्रमणमा भाग लिन वैशाख ७ गते त्यसतर्फ जानु भई वैशाख १५ गते काठमाडौं फर्कनुभयो ।

मुख्य व्यवस्थापकद्वय नेपाल राष्ट्र बैंक, पोखराका श्री शिवनाथ पाण्डे र नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरका श्री ख्यामनारायण ढकाल सियासन सेन्टरले भियतनामको दानाङ शहरमा आयोजना गरेको "3rd SEACEN-OSFI Seminar on Consolidated Supervision" विषयक सेमिनारमा भाग लिन वैशाख १८ गते त्यसतर्फ जानु भई वैशाख ३० गते काठमाडौं फर्कनुभयो ।

अनुसन्धान विभागका उप-निर्देशक श्री गोपालप्रसाद भट्ट Study Centre Gerzensee ले स्वीजरल्याण्डको जर्जेन्सीमा सञ्चालन गरेको Central Bankers Courses 2008 विषयक तालिम र Joint Vienna Institute ले अस्ट्रियाको भियनामा आयोजना गरेको "Monetary Policy and Financial Stability in Countries With Opening-up Capital Accounts" विषयक सेमिनारमा भाग लिन वैशाख २१ गते जानु भई जेठ १३ गते काठमाडौं फर्कनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक श्री विनोदकुमार तण्डुकार भारतीय रिजर्भ बैंकले मुम्बईमा आयोजना गरेको "Setting up a Remittance System between Nepal and India" विषयक कार्यक्रममा भाग लिन वैशाख ३१ गते जानु भई जेठ ४ गते काठमाडौं फर्कनुभयो ।

संस्थागत योजना विभागका उप-निर्देशक श्री चिरञ्जीवी चापागाईं र बैंकिङ कार्यालयका सहायक निर्देशक श्री दिनेशरत्न स्थापित सियासन सेन्टरले ताइवानको ताइपेईमा आयोजना गरेको Payment & Settlement Systems for Emerging Economies" विषयक तालिममा भाग लिन वैशाख २८ गते जानु भई जेठ ४ गते काठमाडौं फर्कनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक श्री एकराज कँडेल अन्तर्राष्ट्रिय मुद्रा कोषले अमेरिकाको वासिंगटन डिसीमा सञ्चालन गरेको "Balance of Payments Statistics" विषयक तालिममा भाग लिन वैशाख २७ गते त्यसतर्फ जानुभयो । उहाँको असार ८ गते काठमाडौं फर्कने कार्यक्रम छ ।

संस्थागत योजना विभागका सहायक निर्देशक श्री श्यामप्रसाद श्रेष्ठ र बैंकिङ कार्यालयका सहायक निर्देशक श्री सरिता बज्राचार्य आप्राका र सेन्ट्राबले संयुक्त रुपमा फिलिपिन्सको मनिलामा सञ्चालन गरेको 'Cooperative Banking' विषयक अध्ययन भ्रमणमा भाग लिन वैशाख २१ गते त्यसतर्फ जानु भई वैशाख ३० गते काठमाडौं फर्कनुभयो ।

# परिस्थितिअनुरुप मौद्रिक नीति बन्नुपर्छ

नेपाल राष्ट्र बैंक, वीरगञ्जले वैशाख २० गते वीरगञ्जमा पूर्वबजेटकालीन अन्तरक्रिया सम्पन्न गऱ्यो । कार्यक्रममा स्थानीय उद्योगी, व्यापारी, प्राज्ञ, सरकारी कार्यालय तथा गैरसरकारी संस्थाका प्रमुखहरु एवं सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो ।

वीरगञ्ज उद्योग वाणिज्य संघका कोषाध्यक्ष श्री अशोक वैद्य प्रमुख अतिथि रहनुभएको उक्त कार्यक्रममा अनुसन्धान विभागका निर्देशक श्री शिवादेवी काफ्लेले "नेपाली अर्थतन्त्रको वर्तमान प्रवृत्ति तथा आगामी बजेट" विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

गोष्ठीका सभापति एवं नेपाल राष्ट्र बैंक, वीरगञ्जका कायममुकायम मुख्य व्यवस्थापक श्री रमेशकुमार पोखरेलले नेपाल राष्ट्र बैंकले सरकारलाई पूर्वबजेटकालीन समीक्षाको प्रतिवेदन प्रस्तुत गर्दा कृषि, उद्योग, वाणिज्य, सेवा र विविध क्षेत्रमा देखिएका प्रमुख समस्याको जानकारी दिँदै सोको समाधानका लागि अवलम्बन गर्नुपर्ने नीतिगत एवं प्रक्रियागत सुझावहरु समेत प्रस्तुत गर्नुपर्ने बताउनुभयो । कार्यक्रममा सहभागीहरुले दिएका महत्वपूर्ण सुझावहरु आगामी प्रतिवेदनमा समेटिने उहाँले बताउनुभयो ।

प्रमुख अतिथि श्री अशोक वैद्यले आगामी बजेटमा महङ्गी घटाउने, आयात शुल्क घटाउने र जलस्रोत विकासको लागि ठोस पहल हुने व्यवस्था गर्न माग गर्नुभयो । साथै, उहाँले बजेट निर्माण प्रक्रियामा उद्योग वाणिज्य संघका प्रतिनिधि पनि समावेश गराउनु पर्ने कुरामा जोड दिनुभयो ।

कार्यक्रममा पर्सा जिल्लाका स्थानीय विकास अधिकारी श्री राजेन्द्र पौडेलले नेपाल राष्ट्र बैंकले बदलिँदो परिस्थिति अनुरुप मौद्रिक नीति निर्माण गर्नुका साथै क्षेत्रीय र स्थानीय नीतिहरुलाई पनि परिमार्जन गर्दै लैजानु पर्ने कुरा उल्लेख गर्नुभयो ।



कार्यक्रमका सहभागीहरुले ग्रामीण कृषकहरुलाई सहुलियत ब्याजदरमा ऋण दिनु पर्ने, सीमानामा भइरहेको चोरी पैठारी नियन्त्रण गर्नु पर्ने, बेरोजगारी न्यून गरी मूल्यवृद्धि नियन्त्रण गरिनु पर्ने, उत्पादकत्व बढाउनका निम्ति आगामी बजेटमा विशेष व्यवस्था गरिनु पर्ने लगायतका सुझावहरु दिएका थिए ।

कार्यक्रममा सहभागीहरुले राखेका जिज्ञासाको जवाफ कार्यपत्र प्रस्तोता श्री काफ्ले र का.मु. मुख्य व्यवस्थापक श्री पोखरेलले दिनुभएको थियो ।

नेपाल राष्ट्र बैंक, वीरगञ्जका व्यवस्थापक श्री सुनिल उदासको स्वागत मन्तव्यबाट शुरु भएको उक्त कार्यक्रमको सञ्चालन सहायक व्यवस्थापक श्री नारायणप्रसाद पोखेलले गर्नुभएको थियो ।●

# अनिवार्य अवकाश र विदाई

कार्यकारी निर्देशकहरु गभर्नरको कार्यालयका सवश्री केशवप्रसाद आचार्य, बैंकिङ कार्यालयका गणेशकुमार श्रेष्ठ र राष्ट्र ऋण व्यवस्थापन विभागका टुलराज बस्यालले वैशाख २५ गतेदेखि सेवाअवधिका कारण बैंक सेवाबाट अवकाश प्राप्त गर्नुभएको छ । बैंकको अधिकृत विशिष्ट पदमा सात वर्ष सेवा अवधि पूरा भएपछि बैंक सेवाबाट अनिवार्य अवकाश हुने व्यवस्था छ ।

यसैबीच राष्ट्र ऋण व्यवस्थापन विभागले श्री बस्यालको विदाई स्वरुप चैत २६ गते विभागमा एक कार्यक्रमको आयोजना गऱ्यो । डेपुटी गभर्नर श्री वीरविक्रम रायमाझीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा श्री बस्याललाई निर्देशक श्री लोकबहादुर खड्काले विभागको तर्फबाट उपहार प्रदान गर्नुभएको थियो ।●

# भैरहवामा पूर्वबजेट अन्तरक्रिया

नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरले वैशाख ८ गते भैरहवामा पूर्वबजेटकालीन अन्तरक्रिया सम्पन्न गऱ्यो । कार्यक्रममा रुपन्देही जिल्लास्थित औद्योगिक तथा व्यापारिक संस्थाका प्रतिनिधिहरु, स्थानीय उद्योगपतिहरु, कार्यालयका प्रतिनिधिहरु तथा कार्यालय प्रमुखहरु र पत्रकारहरु गरी ६० जनाको सहभागिता रहेको थियो ।

आर्थिक वर्ष २०६५/६६ को पूर्वबजेटकालीन प्रतिवेदन तयार गर्न उद्योग वाणिज्य क्षेत्रको वर्तमान अवस्था, आगामी आ.व. को प्रक्षेपित अवस्था र यस क्षेत्रका समस्या तथा सुझाव संकलन गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरका व्यवस्थापक श्री किशोरकुमार ढकालले स्वागत मन्तव्य व्यक्त गर्दै कार्यक्रमको उद्देश्य, महत्व तथा उपादेयतामाथि प्रकाश पार्नुभएको थियो ।

अनुसन्धान विभागका निर्देशक श्री नरबहादुर थापाले "समष्टिगत अर्थतन्त्रको विद्यमान प्रवृत्ति र चुनौतीहरु" विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । यसक्रममा उहाँले देशको विद्यमान आर्थिक अवस्था, उद्योग, व्यवसाय तथा सेवा क्षेत्रसंग सम्बन्धित समस्या, सम्भावना तथा चुनौतीहरुको चर्चा गर्नुभएको थियो । साथै, उहाँले नेपाल राष्ट्र बैंकले सरकारको आर्थिक सल्लाहकारको रुपमा नियमित रुपले पूर्वबजेटकालीन प्रतिवेदन प्रस्तुत गर्नुपर्ने र सोका लागि आवश्यक सुझाव संकलन गरी यथार्थपरक प्रतिवेदन तयार पार्न अन्तरक्रियाले सघाउ पुऱ्याउने धारणा राख्नुभयो । बैंकले तयार गर्ने प्रतिवेदनको आधारमा सरकारले आवश्यक नीतिगत निर्णयहरु गर्न सक्ने उहाँको धारणा थियो ।

कार्यक्रममा बुटवल उद्योग वाणिज्य संघका उपाध्यक्ष श्री शंकर श्रेष्ठ, रुपन्देही व्यापार संघका अध्यक्ष श्री टंकप्रसाद पोखरेल, रुपन्देही उद्योग संघका अध्यक्ष श्री एजाज आलम र सिद्धार्थनगर उद्योग वाणिज्य संघका अध्यक्ष श्री कृष्णप्रसाद शर्माले उद्योग, वाणिज्य तथा व्यापार क्षेत्रको वर्तमान अवस्था, समस्या तथा समाधानका उपायहरु र आगामी बजेटमा समावेश गरिनुपर्ने विषयहरुको सन्दर्भमा आ–आफ्नो विचार प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरुले राखेका जिज्ञासाको जवाफ कार्यपत्र प्रस्तोता श्री थापा र नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरका मुख्य व्यवस्थापक श्री श्यामनारायण ढकालले दिनुभएको थियो । अन्त्यमा मुख्य व्यवस्थापक श्री ढकालले धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमको सञ्चालन प्रधान सहायक श्री रमेशकुमार न्यौपानेले गर्नुभएको थियो ।●

# मुद्रा व्यवस्थापन विभाग प्रथम, जनशक्ति दोस्रो

नेपाल राष्ट्र बैंकको ५३ औं वार्षिकोत्सवको उपलक्ष्यमा नेपाल वित्तीय संस्था कर्मचारी संघ नेपाल राष्ट्र बैंकद्वारा आयोजित अन्तरविभागीय भलिबल प्रतियोगितामा मुद्रा व्यवस्थापन विभाग प्रथम र जनशक्ति व्यवस्थापन विभाग दोस्रो भएको छ । जेठ १२ गते थापाथलीस्थित बैंकको खेल मैदानमा खेलिएको फाइनल खेलमा मुद्रा व्यवस्थापन विभागले जनशक्ति व्यवस्थापन विभागलाई सोझो सेटमा पराजित गरेको थियो ।

बेष्ट अफ फाइभको आधारमा खेलाइएको फाइनल खेलको पहिलो सेटमा मुद्रा व्यवस्थापन विभागले जनशक्ति व्यवस्थापन विभागलाई सजिलै २५–१४ को स्कोरमा हरायो । दोस्रो सेटमा सम्हालिँदै जनशक्ति व्यवस्थापन विभागले कडा चुनौती दिएको थियो । खेलाडीको तालमेल मिल्न नसकेका कारण दोस्रो सेट पनि २५–२० को स्कोर पुऱ्याएर मुद्रा व्यवस्थापन विभागलाई सुम्पन वाध्य भयो ।

पहिलो र दोस्रो सेट गुमाइसकेको जनशक्ति व्यवस्थापन विभागको टोली तेस्रो सेटमा झन आत्तिएको देखियो । अन्ततः पहिलो पटक फाइनलमा पुगेको जनशक्ति व्यवस्थापन विभाग तेस्रो सेटमा पनि २५–१३ को स्कोरमा पाखा लाग्यो ।



*फाइनल खेलको एक दृश्य ।*

मौसमले साथ नदिएको फाइनल खेल अपेक्षित रुपले प्रतिस्पर्धी हुन सकेको थिएन । हावा चलेका कारण दुवै पक्षको खेलमा तालमेल मिलिरहेको थिएन ।

तेस्रो स्थानका लागि सोही दिन सम्पन्न अर्को खेलमा बैंकिङ्ग कार्यालयले अनुसन्धान विभागलाई पनि सोझो सेटमा पराजित गऱ्यो ।

जेठ ५ गतेदेखि शुरु भएको प्रतियोगितामा विभिन्न विभाग तथा कार्यालयका १५ टोलीको सहभागिता रहेको थियो । सहभागी टोलीहरुलाई चार समूहमा विभाजन गरिएको थियो । समूह क मा बैंक तथा वित्तीय संस्था नियमन विभाग, अनुसन्धान विभाग, लघु वित्त विभाग र जनशक्ति व्यवस्थापन विभाग परेका थिए । राष्ट्र ऋण व्यवस्थापन विभाग, बैंक सुपरिवेक्षण विभाग, वित्तीय संस्था सुपरिवेक्षण विभाग र आन्तरिक लेखापरीक्षण विभाग समूह ख मा रहेका थिए । समूह ग मा बैंकिङ्ग कार्यालय, सामान्य सेवा विभाग र विदेशी विनिमय व्यवस्थापन विभाग गरी तीन टिम मात्र परेका थिए । गभर्नरको कार्यालय, मुद्रा व्यवस्थापन विभाग, सूचना प्रविधि विभाग र वित्त व्यवस्थापन विभाग समूह घ मा थिए ।

लिग कम नक आउटको आधारमा खेलाइएको उक्त प्रतियोगिताको उद्घाटन डेपुटी गभर्नर श्री वीरविक्रम रायमाझीले जेठ ५ गते गर्नुभएको थियो ।

संघले गत वर्ष पनि बैंकको वार्षिकोत्सवको उपलक्ष्यमा अन्तरविभागीय भलिबल प्रतियोगिता सञ्चालन गरेको थियो ।●

# बालचित्रकला प्रतियोगिता सम्पन्न

नेपाल राष्ट्र बैंकको ५३ औं वार्षिकोत्सवको अवसरमा नेपाल राष्ट्र बैंक कर्मचारी संघले जेठ १८ गते बैंकको थापाथलीस्थित क्लियरिङ हाउस हलमा बालचित्रकला प्रतियोगिता आयोजना गऱ्यो ।



संघका केन्द्रीय अध्यक्ष श्री वसन्तराज पाण्डेले शुभारम्भ गर्नुभएको उक्त प्रतियोगिता कक्षागत हिसाबले चार समूहमा विभाजन गरी सञ्चालन गरिएको थियो । प्रतियोगिताको नतिजा सोही दिन घोषणा गरिएको थियो ।

घोषित नतिजा अनुसार नर्सरीदेखि कक्षा १ सम्मको समूहमा सर्वश्री रुद्रराज अधिकारीकी सुपुत्री सुभेक्षा अधिकारी (कक्षा १) प्रथम, रामकृष्ण सेढाईंका सुपुत्र शाश्वत सेढाईं (कक्षा १) द्वितीय र मनोहर भट्टराईका सुपुत्र मृनल भट्टराई (कक्षा १) तृतीय भएका थिए । यस समूहमा साधुराम तिमिल्सिनाकी सुपुत्री श्रेया तिमिल्सिना (कक्षा युकेजी) र तुलसीराम गुरागाईंकी सुपुत्री कृतिका गुरागाईं (कक्षा १) ले सान्त्वना पुरस्कार पाएका छन् ।

कक्षा २ देखि ४ सम्मको समूहमा ढुण्डीराज मिश्रकी सुपुत्री प्रज्ञा मिश्र (कक्षा ४), धनबहादुर श्रेष्ठका सुपुत्र सुलभ श्रेष्ठ (कक्षा ३) र रवीन्द्र सापकोटाका सुपुत्र राघव सापकोटा (कक्षा ४) क्रमशः प्रथम, द्वितीय र तृतीय भएका थिए । उपेन्द्रलाल बसीका सुपुत्र रिजेन बसी (कक्षा ४) र हिमप्रसाद न्यौपानेका सुपुत्र आभाष न्यौपाने (कक्षा ३) ले यस समूहमा सान्त्वना पुरस्कार प्राप्त गरेका थिए ।

कक्षा ५ देखि ७ सम्मको समूहमा भने धीरेन्द्र आर. सी.का सुपुत्र दिवेश आर. सी. (कक्षा ७) पहिलो, रेवती पौडेलका सुपुत्र सुरज पौडेल (कक्षा ५) दोस्रो र प्रमिला किराँतीका सुपुत्र सोलर किराँती (कक्षा ७) तेस्रो भएका थिए । यस समूहबाट टापप्रसाद कोइरालाकी सुपुत्री ग्रीष्मा कोइराला (कक्षा ६) र माधवराम डंगोलका सुपुत्र आकाश डंगोल (कक्षा ६) ले सान्त्वना पुरस्कार पाएका छन् ।

यसैगरी कक्षा ८ देखि १० सम्मको समूहमा जीतेन्द्रमान बज्राचार्यकी सुपुत्री रजिना बज्राचार्य (कक्षा ९) प्रथम, राम श्रेष्ठका सुपुत्र सञ्जिप श्रेष्ठ (कक्षा १०) द्वितीय र पार्वती श्रेष्ठकी सुपुत्री श्रेया श्रेष्ठ (कक्षा ९) तृतीय भएका थिए । सो समूहमा महेन्द्रलाल सिंहका सुपुत्र समीर सिंह (कक्षा १०) र भोलानाथ प्रेमीकी सुपुत्री



श्रद्धा पौडेल (कक्षा ८) ले सान्त्वना पुरस्कार पाएका छन् ।

कुल १४७ जना बालबालिकाको सहभागिता रहेको उक्त प्रतियोगितामा प्रभा खनालका सुपुत्री मोनिका खनाल (कक्षा ५) लाई विशेष सान्त्वना पुरस्कार प्रदान गरिएको संघले जनाएको छ ।●

## जोखिम व्यवस्थापन...

क वर्गका नेपाली बैंकहरुमा 'वासेल टु' लागु गरिने र पछि क्रमश: अरु वित्तीय संस्थाहरुमा पनि लागु गर्दै जाने बैंकको नीति रहेको उहाँले प्रस्ट पार्नुभयो ।

नेपाल बैंकर्स संघका अध्यक्ष श्री राधेश पन्तले 'वासेल टु' को कार्यान्वयनले देशको समग्र अर्थतन्त्रमै प्रभाव पर्ने भएकोले यसको गहन अध्ययन आवश्यक रहेको बताउनुभयो । वाणिज्य बैंकहरुमा मात्र होइन अरु वित्तीय संस्थाहरुमा पनि 'वासेल टु' लागु गरिनु पर्ने उहाँको सुझाव थियो ।

वित्त व्यवस्थापन संस्थाका कार्यकारी निर्देशक श्री आर्नो डी भेटे (Arno De Vette) ले 'वासेल टु' को कार्यान्वयन सजिलो नभएको विचार व्यक्त गर्नुभयो । साथै, उहाँले FMO जलविद्युत, सौर्य उर्जा र वायोग्यास जस्ता क्षेत्रमा काम गर्दै आएको संस्था भएको उल्लेख गर्नुभयो ।

समारोहमा कार्यशाला सञ्चालक क्लिन इनर्जी डेभलपमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत श्री मनोज गोयलले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

उद्घाटन समारोहपश्चात् कार्यशाला सञ्चालन गरिएको थियो । कार्यशालामा SIMARCH NV नामक संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री जिगफ्राइड भरमाक



कार्यपत्र प्रस्तुत गर्दै श्री भरमाक

(Ziegfried Vermaak) ले 'Risk Management and Basel II : Strategic Issues' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र प्रस्तुत गर्दै उहाँले भन्नुभयो, "बैंकिङ्ग व्यवसाय जोखिमबाट टाढा भाग्नको लागि होइन, बरु यसको व्यवस्थापन गर्नको लागि हो । 'वासेल टु' को संरचनाले राम्रो जोखिम व्यवस्थापनको अभ्यास गराउँदछ ।"

कार्यशालामा बैंकका विभागीय प्रमुखहरु, वरिष्ठ अधिकृतहरु र विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रमुखहरुको सहभागिता रहेको थियो ।●

## गैरकानुनी सम्पत्ति...

साथै, उहाँले नेपालमा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ लागु भइसकेको र यसको कार्यान्वयनका लागि आवश्यक संस्थागत तथा थप कानूनी व्यवस्था तर्जुमा गर्न नेपाल क्रियाशील रहनु पर्ने धारणा व्यक्त गर्नुभयो ।



श्री सापकोटा

कार्यक्रममा कानून महाशाखाका सहायक निर्देशक श्री हरिकुमार नेपालले नेपालमा सम्पत्ति शुद्धीकरण कानून र त्यसको कार्यान्वयनका सम्बन्धमा भएका प्रगति एवं गर्नुपर्ने कामहरुका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । यसैगरी Bank Negara Malaysia को वित्तीय जाँचबुझ इकाईका व्यवस्थापक Mr. Mahd Fazid Nordin र APG on Money Laundering का सहायक व्यवस्थापक Ms Cecilia Marian ले पनि कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।



श्री नेपाल

सहभागीहरुको तर्फबाट विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक श्री सिर्जना वास्तोलाले कार्यक्रमबाट विषयगत ज्ञान हासिल भएको बताउनुभएको थियो ।

## शाखा खोल्न...

निर्देशनमा उल्लेख छ । नयाँ शाखा कार्यालय स्थापना गरिएको जानकारी संस्थाको सञ्चालक समितिले निर्णय गरेको मितिले १५ दिनभित्र नेपाल राष्ट्र बैंकमा पठाउनु पर्नेछ । बैंकलाई जानकारी गराएको मितिले ६ महिनाभित्र संस्थाले सो शाखा कार्यालय खोली कारोबार समेत सञ्चालन गरिसक्नु पर्ने निर्देशनमा उल्लेख छ ।

बैंक तथा वित्तीय संस्थाहरुले नयाँ शाखा कार्यालय स्थापना गर्न प्रस्तावित स्थान वित्तीय रुपले सम्भाव्य रहेको स्थलगत अध्ययन प्रतिवेदन तयार गरी नेपाल राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ । नयाँ शाखा खोल्ने संस्थाले तोकिएको न्यूनतम चुक्ता पूँजी पूरा गरेको, तोकिएका शर्तहरु पूरा गरेको र शाखा कार्यालय तथा केन्द्रीय कार्यालयबीच नेटवर्किङ्ग तथा विद्युतीय माध्यमबाट सूचना आदान प्रदान गर्ने व्यवस्था गरेको हुनु पर्नेछ । यस्ता संस्थाहरुको निस्क्रिय कर्जा ५ प्रतिशतभन्दा बढी नभएको हुनुपर्ने पनि निर्देशनमा उल्लेख छ ।

क्षेत्रीय रुपमा स्थापित बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो कार्यक्षेत्रभित्र मात्र यस व्यवस्था अन्तर्गत नयाँ शाखा कार्यालय स्थापना गर्न सक्ने छ ।●

## कायममुकायम मुकर्रर

जनशक्ति व्यवस्थापन विभागका निर्देशक श्री प्रदिपराज पाण्डे बैंकर्स प्रशिक्षण केन्द्रको र आन्तरिक लेखापरीक्षण विभागका निर्देशक श्री हरिप्रसाद काफ्ले संस्थागत योजना विभागको कार्यकारी निर्देशक पदमा कायममुकायम मुकर्रर हुनुभएको छ ।

यसैगरी संस्थागत योजना विभागका उप-निर्देशक श्री उपेन्द्रकुमार पौडेल गभर्नरको कार्यालयको निर्देशक पदमा कायम मुकायम मुकर्रर हुनुभएको छ ।●

## बढुवा

बैंकको प्राविधिक सेवातर्फ रिक्त कम्प्यूटर समूहको उप-निर्देशक (आई.टी.) पदमा सूचना प्रविधि विभागका श्री अनिल प्रधान बढुवा हुनुभएको छ । सोही समूहको सहायक निर्देशक (आई.टी.) पदमा सोही विभागका श्री उपेन्द्र सिंह बढुवा हुनुभएको छ ।

यसैगरी अधिकृत तृतीय स्तरको सुपरभाइजर (कम्प्यूटर) पदमा बैंकिङ्ग कार्यालयका सर्वश्री राजेशप्रसाद किजु, नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरका अनोककुमार विश्वकर्मा, सामान्य सेवा विभागका शंकरप्रसाद सिंखडा, वित्त व्यवस्थापन विभागका देवेशमान जोशी, नेपाल राष्ट्र बैंक, धनगढीका केशवबहादुर मल्ल, बैंकर्स प्रशिक्षण केन्द्रका सुन्दर मानन्धर तथा बलराम जोशी, संस्थागत योजना विभागका जीतेन्द्रनारायण श्रेष्ठ, नेपाल राष्ट्र बैंक, नेपालगञ्जका तुलबहादुर बोहरा, वित्तीय संस्था सुपरिवेक्षण विभागका केशरमान महर्जन, नेपाल राष्ट्र बैंक, वीरगञ्जका मृगेन्द्रप्रसाद मानन्धर, मुद्रा व्यवस्थापन विभागका राजेन्द्रकुमार बज्राचार्य, नेपाल राष्ट्र बैंक, विराटनगरका श्री रेणुका बन तथा भोजकुमार राई र विदेशी विनिमय व्यवस्थापन विभागका जयराम राजभण्डारीलाई बढुवा गरिएको छ ।

साथै, उहाँहरुलाई कार्यरत विभाग तथा कार्यालयमा पदस्थापन गरिएको जनशक्ति व्यवस्थापन विभागको जेठ २४ गतेको परिपत्रमा जनाइएको छ । समाचार उहाँहरुलाई बधाई ज्ञापन गर्दछ ।●

## सरुवा

कार्यकारी निर्देशकद्वय श्री गोपालप्रसाद काफ्ले गभर्नरको कार्यालयबाट लघु वित्त विभागमा र श्री गोकुलराम थापा संस्थागत योजना विभागबाट बैंकिङ्ग कार्यालयमा सरुवा हुनुभएको छ । यसैगरी गभर्नरको कार्यालयका निर्देशक श्री साधना उपाध्याय जनशक्ति व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।●

## फोटो फिचर



*अन्तरविभागीय भलिबल प्रतियोगिता अन्तर्गत मुद्रा व्यवस्थापन विभाग र बैंकिङ्ग कार्यालयबीच भएको खेलको एक दृश्य ।* *फोटो : रामकाजी खाइजू*

# सीमाभन्दा बढी वित्तीय स्रोत संकलन नगर

नेपाल राष्ट्र बैंकले ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई तोकिएको सीमाभन्दा बढी वित्तीय स्रोत संकलन नगर्न सचेत गराएको छ । वैशाख ३ गते जारी निर्देशन अनुसार नेपाल राष्ट्र बैंकले तोकेको सीमाभन्दा बढी हुने गरी सापटी लिने र वित्तीय स्रोत परिचालन गर्ने बैंक तथा वित्तीय संस्था र कार्यकारी प्रमुखलाई हर्जाना तथा जरिवाना गरिने छ ।

निर्देशन अनुसार सीमाभन्दा बढी संकलन गरिएको वित्तीय स्रोत तोकिएको सीमामा नआएको समयावधिको प्रचलित बैंकदरले हुने रकम संस्थालाई हर्जाना लगाइने छ । यस्तो संस्थाका कार्यकारी प्रमुखलाई समेत रु. एक लाखसम्मको जरिवाना गर्न सकिने छ । जरिवाना कार्यकारी प्रमुखबाट व्यक्तिगत रुपमा असुल उपर गरिने पनि निर्देशनमा उल्लेख छ ।

लेखापरीक्षण भएको पछिल्लो वित्तीय विवरणबाट कायम हुने प्राथमिक पूँजीलाई आधार मानी वित्तीय स्रोत संकलन सीमा गणना गरिने निर्देशनमा स्पष्ट पारिएको छ । सापटी सम्बन्धी दैनिक विवरण संस्थाहरुबाट बैंकमा पेश गरिने अनिवार्य मौज्दात सम्बन्धी साप्ताहिक विवरणमा छुट्टै सापटी शीर्षक राखी खुलाउनु पर्ने पनि निर्देशनमा उल्लेख छ ।●

## सूचना

नेपाल राष्ट्र बैंकबाट सेवा निवृत निम्न कर्मचारीहरुको पेन्सन रकम धेरै समयदेखि बाँकी रहेको हुँदा यथासिघ्र नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय, लेजर लेखा फाँट, थापाथलीमा पेन्सन पट्टा सहित आफै आई वा आफ्नो अख्तियारवाला व्यक्ति (मञ्जुरीनामा सहित) पठाई हिसाब मिलान कार्यमा सहयोग गरिदिनु हुन अनुरोध गरिएको छ ।

| सि. नं. | कर्मचारीको नाम | कोड नं. |
|---|---|---|
| १ | श्री बद्रीबहादुर मुल्मी | बी ३२९ |
| २ | श्री दिलबहादुर कुँवर (जोशी) | डी १०४ |
| ३ | श्री गौरीलाल श्रेष्ठ | जी २ |
| ४ | श्री हिरालाल नकर्मी | एच ७९ |
| ५ | श्री लक्ष्मीबहादुर थापा | एल १७ |
| ६ | श्री पूर्णमान राजबाहक | पी १२१ |
| ७ | श्री शिव भट्टराई | एस १८६ |

## उद्धरण

नेपाल समाचारपत्र *२०६५ जेठ २०, सोमबार बाट*

# 'नक्कली नोटबाट बच्न एटीएम कार्ड प्रयोग'

● धन बस्नेत
पोखरा

नक्कली नोट हातमा आउला भनेर चिन्तित हुनुहुन्छ ? यदि यसो हो भने एटीएम कार्डको प्रयोग गर्नुस्, नक्कली नोटको चिन्ता गायब। नेपाल राष्ट्र बैंकका अधिकारीहरू जाली नोटबाट बँच्न सर्वसाधारणलाई एटीएम कार्ड प्रयोग गर्न सुझाव दिन्छन्।




'नक्कली नोटबाट बच्न एटीएम कार्डको प्रयोग गर्नुस्', नेपाल राष्ट्र बैंकका व्यवस्थापक मात्रिकाराज घिमिरेले सुझाव दिँदै भन्नुभयो- 'कार्ड प्रयोग गरिएको अवस्थामा नक्कली नोटको कारोबार घट्दै जानेछ।' नेपाली र भारतीय ठूला दरका नक्कली नोटको बढ्दो कारोबारले आर्थिक क्षेत्रमा नकारात्मक असरसमेत पुऱ्याएको उहाँले बताउनुभयो।

एटीएमको प्रयोगबाट ठूलै व्यावसायिक कारोबार गर्न सकिने जनाउँदै सुरक्षितसमेत हुने उहाँको भनाइ थियो। 'एटीएम आर्थिक कारोबारको लागि भरपर्दो र सुरक्षित माध्यम हो', उहाँले भन्नुभयो- 'चाहेको अवस्थामा जहाँसुकैबाट पनि रकम निकाल्न सकिन्छ।' एटीएमबाट रकम निकाल्दा नक्कली नोट पर्ने सम्भावना नहुने उहाँको भनाइ थियो।

व्यवस्थापक घिमिरेले सर्वसाधारणलाई ठूला दरका भारतीय नोटको कारोबार नगर्नसमेत आग्रह गर्नुभएको छ। भारतमा समेत ठूला दरका नोटहरूको कारोबार नहुने हुदाँ सर्वसाधारणलाई नलिन आग्रह गर्नुभएको हो। नेपाल राष्ट्र बैंकले ५ सय र १ हजार दरको भारतीय नोट नचलाउने समेत बताउनुभयो।

नेपाल तथा भारतीय नक्कली नोटको पहिचानसम्बन्धी आयोजित कार्यक्रममा बैंकका सहायक व्यवस्थापक दुर्गाबहादुर शाहले नक्कली नोटको कागज पातलो हुने हुदाँ सर्वसाधारणले छामेकै भरमा पत्ता लगाउन सकिने जानकारी दिनुभयो। भारतीय नोटको कारोबार गर्न इजाजतपत्र लिनुपर्ने हुन्छ। भारतीय नोटको कारोबार गर्न कानुन बने तापनि सम्बन्धित निकायले त्यसको सही कार्यान्वयन र अनुगमन नगरेकोले भारतीय नोटको कारोबार हुदाँ ठूला दरका भारु नोटहरू नेपाली बजारमा बढ्दै गएको नेपाल राष्ट्र बैंकका व्यवस्थापक घिमिरेले बताउनुभयो।

खुला सीमाका कारण भारतीय नोटहरू नेपाली बजारमा छ्याप्छ्याप्ती भेटिन्छ। नेपाली नोटहरू पनि नक्कली भेटिन थालेपछि बैंकले नेपाली नोटको विशेषतासमेत थप गर्ने जनाएको छ। कार्यक्रममा विभिन्न वित्तीय संस्थाका पदाधिकारी, उद्योगी, व्यवसायीहरूको सहभागिता थियो।

## जनसम्पर्क महाशाखाको सूचना

यस महाशाखाबाट प्रकाशन भइरहेको 'नेपाल राष्ट्र बैंक समाचार' र • • • • • • • • मा प्रकाशनार्थ नेपाल राष्ट्र बैंकको कार्य र समसामयिक आर्थिक, वित्तीय, मौद्रिक, व्यवस्थापन तथा बैंकिङ्ग विषयका समसामयिक छोटो लेख आह्वान गरिएको छ। आफ्नो लेख prd@nrb.org.np मा अथवा **नेपाल राष्ट्र बैंक, जनसम्पर्क महाशाखा**मा आइपुग्ने गरी पठाई दिनुहुन अनुरोध छ। प्रकाशित लेखका लेखकलाई पारिश्रमिकको व्यवस्था गरिएको छ।

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा**
फोन/फ्याक्स : +९७७-१-४४११९८, Ext.: ३६६, ३६९
ईमेल : prd@nrb.org.np, वेबसाइट : www.nrb.org.np

*सम्पादक*
उपेन्द्रकुमार पौडेल

*सम्पादन सहयोगी*
विन्दप्रसाद अर्याल, रामकाजी खाइजू, बद्रीनाथ नेपाल